# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड १ ] काठमाडौं चैत्र ११ गते ०८ साल [ संख्या ३४

## भाग ३

### परिशिष्ट ( ग )

### इम्पोर्टको दरखास्त फाराम

( कपडा, नून, धागो, सिमेन्ट, चिनी, फलाम )

[ १ ] दरखास्तवालाको नाम, थर, वतन ।

[ २ ] बसबासको पूरा ठेगाना ।

[ ३ ] दरखास्तवालाको बाबु बाजेको नाम ।

दरखास्तवाला कुनै फाराम भएमा मालिक वा हिस्सेदारको नाम ।

[ ४ ] कुन पदार्थ कति मागेको ?

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[५] कुन इलाकामा इम्पोर्ट गर्ने ?

[६] दरखास्तवालाको पसल रजिष्टर भएको छ छैन ? भए रजिष्टर नम्बर ।

[७] अघि काम गरेको छ छैन ? भए कहिलेदेखि कुन पदार्थको काम गरेको छ ? छोटकरी विवरण ।

[८] बितेको ५ वर्षमा कुनै एक साल भन्सार वा बजारअड्डा महसूल कति तिरेको छ ?

[९] अघि काम नगरेको नयाँ काम गर्न लागेको भएमा २ जना प्रतिष्ठित व्यापारी या भद्रपुरुषको सिफारीस ।

[१०] नेपालमा अरू कुनै स्थानमा वा हिन्दूस्थानमा यसको शाखा वा हेडआफिस छ छैन ?

[११] उक्त स्थान इम्पोर्टर निमित्त दरखास्त दिनेको खास कारण ।

[१२] नेपाल नागरिक वा विदेशी ? ( विदेशी भएमा घरबार छ छैन र नेपालमा कहाँ कति वर्ष बसेको ? के काम गरेको ?) वा नेपालमा डोमिसाइल ।

[१३] यस स्थानबाहेक अन्य स्थानमा पनि शाखा भएमा यस स्थानको निमित्त दरखास्तवालाले अन्य स्थानबाट दरखास्त पेश गरेको छ छैन ?

[१४] इम्पोर्टर गर्न मागेको इलाकाका नजिक पर्ने भारतको रेल्वे स्टेशनको नाम ।

[१५] दरखास्तवालाको हैसियतसम्बन्धको विशेष विवरण ।

[१६] उल्लेखित कुराहरू सत्य हुन्, उक्त कुराहरू कुनै झुट्टा ठहरेमा लाइसेन्स पाए पनि क्यान्सेल गरी पछिपछि पनि लाइसेन्स नपाएमा मेरो हाम्रो उजूर नलागोस् । बनिरहेको नियम शर्त र समय परिस्थितिअनुसार बखत बखतमा सूचनासाथ अदल बदल हुने शर्त नियम रूलबमोजिम सरकारबाट इम्पोर्टर गर्न इजाजत दिएको पदार्थ नियत समयमा तोकिएको इलाकामै पैठारी गरी बिक्री

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वितरण गरुँला सोबमोजिम नगरेमा वा बेकाइदा गरेमा अथवा बनिएको नियम रूल पालन गरिन भने सरकारी ऐन सवाल वा नियमबमोजिम सजाय सहुँला बुझाउँला ।

मिति

सहि

अधिकार

---

सूचनाः—

(१) एक पदार्थको एउटै दरखास्त हुनुपर्दछ ।

(२) दरखास्तसाथ नक्कलसहितको प्रमाणपत्र भएमा सो पठाउनुपर्दछ । सक्कल प्रमाणपत्र वापस हुनेछ ।

(३) यो दरखास्त मालिक, हिस्सेदार वा फाराम भएमा मेनेजिंग डाइरेक्टर वा अधिकारी व्यक्तिले सहि गर्नुपर्छ ।

(४) १५।१५ दिनमा बिक्री मौजदातको रिपोर्ट स्थानीय गढी गौंडा गोस्वारामा वा अखत्यारी पाएका सरकारी अड्डाखानाहरूमा दिनुपर्छ ।

(५) दरखास्तमा हरेक कुरा स्पष्ट हस्ताक्षरमा लेख्नुपर्दछ ।

(६) यो दरखास्त सदरकाले हुलाकद्वारा रजिष्टरी गरी पठाउनुपर्दछ । जिल्लाकाले सकभर गढी, गौंडा, गोस्वारामार्फत र सो अड्डा टाढा परे नजिकको सरकारिया अड्डाको सिफारिससाथ हुलाकद्वारा पठाउनुपर्दछ ।

(७) यो दरखास्तसाथ राख्नुपर्ने दरखास्त दस्तुरः—

(क) कपडाको दरखास्तमा मोरु १०। (ख) नुनको दरखास्तमा रू १०।, (ग) सिमेण्टको दरखास्तमा मोरू १०।,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2८०6

(घ) चिनीको दरखास्तमामोरू १०। (ङ) धागोको दरखास्तमा मोरू १०।, (च)फलामको दरखास्तमा मोरू १०।

(८) दरखास्तवालाको पसल वा फाराम वाणिज्यमन्त्रालयमा रजिष्टरी नभएको भए ३ महीनाभित्र रजिष्टर गर्नुपर्दछ।

सिभिल सप्लाइज विभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।